# स्थानीय राजपत्र

खण्डः १ | संख्याः १० | प्रकाशित मितिः२०७९/१२/०२

**भाग-२**

**तुम्बेवा गाउँपालिकाद्वारा प्रकाशित**

# पशु सेवा सम्बन्धि कार्यक्रम सञ्चालन कार्यविधिका सम्बन्धमा व्यवस्था गर्न बनेको नियमावली, २०७९

गाउँ कार्यपालिकाको बैठकबाट स्वीकृत मितिः २०७९/११/११

आज्ञाले,

मणिराम खतिवडा

प्रमुख प्रशासकीय अधिकृत

# पशु सेवा सम्बन्धिकार्यक्रम सञ्चालन कार्यविधिका सम्बन्धमा व्यवस्था गर्न बनेको नियमावली, २०७९

(गाउँ कार्यपालिकाको बैकक बाट स्वीकृत मितिः २०७९/११/११)

## तुम्बेवा गाउँपालिका

## गाँउकार्यपालिकाको कार्यालय

मौवा, पाँचथर

कोशी प्रदेश, नेपाल

# पशु सेवा सम्बन्धिकार्यक्रम सञ्चालन कार्यविधिका सम्बन्धमा व्यवस्था गर्न बनेको नियमावली, २०७९

## प्रास्तावना

तुम्बेवागाउँपालिकाको अर्थतन्त्रको महत्वपुर्ण स्थानओगटेको पशुपालनव्यबसालाई व्यवसायीकरण विविधिकरण,आयमुलक तथा सम्मानित पेशाको रुपमाविकास गरी पशु धनको उत्पादन र उत्पादकत्वअभिवृद्धि गर्दै पशुजन्यउत्पादनमा यस तुम्बेवा गाउँपालिकालाई आत्मनिर्भर बनाई रोजगारी स्थापना रराष्ट्रिय उत्पादनमा समेत योगदानदिन यस  गाउँपालिकाबाट सञ्चालनहुने पशु सेवा सम्बन्धिकार्यक्रमहरुको प्रभाबकारी कार्यान्वयनको लागी संबिधानको धारा २२६ र प्रशासकीय कार्यविधि ( नियमित गर्ने) ऐन, २०७९ को दफा ३ बमोजिम यो नियमावली जारी गरिएको छ ।

## १.संक्षिप्तनाम रप्रारम्भ

(क) यस नियमावली नामः **पशु सेवाकार्यक्रमकार्यान्वयन कार्यविधिका सम्बन्धमा व्यवस्था गर्न बनेको नियमावली २०७९** रहेको छ ।

(ख)यो नियमावली तुम्बेवा गाउँपालिका गाउँकार्यपालिकाको बैठक बाट स्विकृत भएको मितिबाट लागु हुनेछ ।

## २.परिभाषा :बिषय प्रसँगले  अर्को अर्थ नलागेमा

**(क)“अनुदान” भन्नाले** तुम्बेवा गाउँपालिकाको गाउँ सभाबाट विनियोजित बजेट अनुसारको स्वीकृत बमोजिम पशु उत्पादन,प्रशोधन ,मुल्य अभिवृदि,बजारिकरण,विविधिकरण ,वा कृषिको आधुनिकीकरण,र व्यवसायीकरणका लागीदिइने सहुलियत सम्झनु पर्दछ ।

(ख)अनुदानग्राही भन्नाले यस  कार्यविधिका सम्बन्धमा व्यवस्था गर्न बनेको नियमावली बमोजिम छनौट भएका व्यवसायीक कृषक/समुह/सहकारी, कृषि विकास संग समिति र कृषि व्यवसायी,फार्म संचालक सम्झनु पर्दछ ।

**(ग)कृषि व्यवसायी भन्नाले** पशुपन्छी मत्स्य, खाद्य जन्य लगायत उत्पादनलाई, व्यवसायीकरण,बजारीकरण,मुल्य अभिवृद्धि,एवमं औद्योगिकरण गर्ने समेत सम्झनु पर्दछ ।

(घ)कार्यक्रम भन्नाले तुम्बेवा गाउँपालिका पशु सेवा शाखाबाट संचालन हुने अनुदान तथा अन्य संचालित कार्यक्रम सम्झनु पर्दछ ।

**३.अनुदान तथा कार्यकहरु संचालन गर्न सक्ने** :तुम्बेवा गाउँपालिका गाउँसभाले पशु सेवा शाखाको बार्षीक बजेट तथा स्वीकृत रेडबुकमा उल्लेखित कार्यक्रम तथा अनुदानका कार्यक्रमपशु सेवा शाखा मार्फत सँचालन र उपलब्ध गराउन सक्ने छ ।

## ४.कार्यक्रम ,अनुदानको सचना र अनुदानग्राहीको छनौट :

(१)अदनुदान सम्बन्धि कार्यक्रम सँचालन गर्न पशु सेवाशाखाले बार्षीक स्वीकृत कार्यक्रम अनुसार सार्बजनिक रुपमा अधिकतम कृषकहरु सम्म सुचनाको पहुँच पुग्ने गरि आबेदन मागको लागी कम्तिमा ७ देखि १५ दिनको सुचना प्रकाशन प्रसारण गर्नुपर्ने छ ।

(२)उपनियम (१) बमोजिम प्राप्त आबेदन सम्बन्धित कार्यक्रम सँचाल नहुने वडाले वा पशु सेवा शाखाले छानबिन  बाट छनौट गरी कार्यक्रमको लागी सिफारिस गर्न सक्ने छ ।

(३)उपनियम (२) बमोजिम छनौट भएका आबेदकहरुलाई कार्यक्रम मर्म तथा कार्यविधिका सम्बन्धमा व्यवस्था गर्न बनेको नियमावली अनुरु पशाखाले कार्यक्रम कार्यान्वयन गर्न सक्ने छ ।

### ५.अनुदान रकमको सिमा :

(१) तुम्बेवा गाउँपालिका पशु सेवा शाखाबाट उपलब्ध गराइने अनुदान रकम कुल लागतको कार्यक्रमको प्रकृति अनुसार ५०% ,७५% ,८०% वा शत प्रतिशत अनुदानमा रहने छ ।

### ६.अनुदानग्राही सँग सम्झौता गर्नुपर्ने :

(१)कार्यालयले अनुदानग्राही को छनौट र अनुदान रकमको निर्धारण भए पश्चात अनुदानग्राही सँग सम्झौता गर्नुपर्ने छ ।

### ७.अनुदानको भुक्तानि :

(१)कार्यालयले छनौट गरेको अनुदानग्रहिले अनुदान तथा अन्य कार्यक्रमको प्राप्तिको लागी आफुलाई पायक पर्ने बैंकमा खाता खोल्नु पर्ने छ र स्वीकृत अनुदान रकम बैंक मार्फत भुक्तानी गरीने छ वा सम्बन्धित शाखाको कर्मचारि मार्फत कार्यक्रम सञ्चालन गरि भुक्तानि गरिनेछ ।

### ८.असुल उपर गर्नुपर्नेः

(१) कार्यालयले यस  कार्यविधिका सम्बन्धमा व्यवस्था गर्न बनेको नियमावलीबमोजिमप्रवाहभएको अनुदानवाअन्यकार्यक्रमको रकमको हिनामिनाभएमा सम्बन्धित पक्षबाट सरकारी बाँकी  सरह प्रचलितकानुनबमोजिमअसुल उपर गरिने छ ।

### ९.अनुगमनतथामुल्याङ्कन :

यस  कार्यविधिका सम्बन्धमा व्यवस्था गर्न बनेको नियमावली बमोजिम संचालित कार्यक्रमको अनुगमन तथा ामुल्याङ्कन आवस्यकता अनुसार पशु शाखा,गाँउपालिका स्तरीय /सम्बन्धित वडा वासम्बन्धित निकायबाट हुनेछ ।

### १०.दोहोरो सुबिधा दिन नपाउने :

(१)अनुदानग्राहिले एकै प्रकृतिको कामको लागी एक भन्दा बढी निकायबाट अनुदानप्राप्त गर्न सक्ने छैन एकै प्रकृतिको कामको लागी एक भन्दा बढी निकायबाट अनुदान प्राप्त गरेको देखियमा ३ बर्षसम्म उहि प्रकृतिका र अन्य अनुदान समेत प्रदान गरिने छैन ।

### ११.अनुदानग्राहि जिम्मेबार हुने :

(१)कुनै विषेश कारणबस वाकाबु बाहिरको परिस्थीति परि सम्झौता  अनुरुप तोकियको समय सिमा भित्र कार्य सम्पन्न हुन नसकी अनुदान रद्ध भएमा वा अनुदान रकम पुरा भुक्तानि नभएमा स्वय जिम्मेबार हुने ।

**१२.बाधा,अड्चन,निरुपण,खारेजी र संसोधन :**

क.यस कार्यबिधि कार्यान्वयनमा बाधा,द्धिविधा वाबिबाद भएमा सोको निरुपण समितिले गर्ने छ ।

ख. तुम्बेवा गाउँपालिका गाउाकार्यपालिकाले आबस्यकता अनुसार यस कार्यबिधि संसोधन तथा खारेज गर्न सक्ने छ ।

**१३.विविध** :

क.यस  कार्यविधिका सम्बन्धमा व्यवस्था गर्न बनेको नियमावलीमा उल्लेख नभएका कुराहरुको हकमा प्रचलित कानुन अनुसार हुनेछ ।

ख.यो कार्यबिधि लागु हुनु भन्दा अगाडि भए गरेका काम काज यसै बमोजिम भए गरेको मानिने छ ।

**१४.अनुदान प्रवाहका शर्तहरु :**

क. बिगत  तिनबर्ष भित्र प्रादेशिक मन्त्रालय वा मातहतका निकाय एबमं सघींय सरकार अर्तरगतका कृषितथा पशुपन्छी विकास मन्त्रालय वा मातहतका निकायबाट सोहि प्रकृतिको कामको लागी अनुदान प्राप्त गरेको आबेदक पुनःअनुदानको लागी योग्य मानिने छैन । तर अपुरो निर्माण कार्य वा कार्यक्रमलाई पूर्णतादिई सञ्चालनमा ल्याउन थप अनुदान आवस्यकभएको भए पुनःअनुदान प्रदान वाधा पर्ने हुने छैन ।

ख.अनुदान प्राप्त गर्ने प्रस्तावले कम्तिमा १० बर्ष सम्म व्यवसाय सञ्चालन गर्नु पर्ने छ ।

ग.लिजको जग्गामा कार्यक्रम सञ्चालन हुने भएमा सम्बन्धित जग्गाधनि संग कम्तिमा १० बर्षको करारनामा वा सम्झौता गरेको हुनुपर्ने छ ।

घ.कार्यक्रम सञ्चालन गर्न सामाजिक ,वातावरणीय ,प्राबिधिक ,वित्तिय र भौगालिक रुपले समेत उपयुक्त हुनुपर्ने छ ।

ङ. अनुदानको लागि पेश गर्ने प्रस्तावकले अनिवार्य सरकारि निकायमा व्यवसाय दर्ता गरेको हुनुपर्ने छ र :बंगुर प्रबर्द्धन कार्यक्रमको हकमा १० वटा प्रजनन योग्य बंगुर पालेको हुनुपर्ने छ भने डेरि प्रबर्द्धन कार्यक्रमको हकमा कम्तिमा दैनिक  १०० लि.दुध खरिद विक्री वा सो बराबरको दुग्ध पदार्थको कारोबार गरेको हुनुपर्ने छ ।

च. अनुदान रकमको दुरुपयोग भएको पाइएमा त्यस्ता अनुदानग्राहीबाट प्रचलित कानुन बमोजिम सरकारी बाकी सरह रकम असुलि र कारबाही हुनेछ ।

छ. अनुदानमा स्थापना भएको उपकरण, भौतिक संरचना र सामागीहरु अन्यकार्यमा प्रयोग गर्न पाइने छैन ।

ज.प्रस्तावकले लागतको २०% देखि ५०% वा तोकिएको रकम अनुसार लागत साझेदारी गरेको हुनुपर्ने छ ।

**१५.कार्यकमको नामःबंगुर प्रबर्द्धन कार्यकम**

(१) उद्देश्यहरु :

क.बंगुरको मासु उत्पादनमा वृदि गर्ने ।

ख.अति बिपन्न वर्गको लागि आय आर्जनको श्रोतको रुपमा स्थापना गर्ने ।

ग.बंगुरको पाठापाठीको उत्पादन वृदि गरि बंगुरको मासुमा तुम्बेवा गाउँपालिकालाई आत्मनिर्भर बनाउन

घ.बगुरको मासु आयातमा रोक लगाउन ।

**(२) कार्यकम सञ्चालनछनौटका आधारहरु :**

क.भौगोलिक तथा वातावरणीय हिसाबले बंगुर पालनको सम्भावना भएको हुनुपर्ने छ ।

ख. कार्यकमप्रति कृषकहरुको झुकाब र प्रभाबकारी कार्यान्वयनको सम्भावना भएको हुनुपर्ने छ ।

ग.छनोट गरिने स्थानमा जग्गाको उपलब्धता,पानि ,बिजुलि ,सडक एबम अन्य पुर्बाधार बिकास भएको ।

**(३) सम्भाबित साझेधारहरु :**

कृषि पशुपालनमा आबद्ध समुह/संघ /सस्था/बंगुर पालक किसानहरु हुनेछन ।

**।(४) अनुदान रकम बाट सञ्चालान गर्न सकिने कार्यहरु :**

क.खोर निमार्ण/खोर सुधार ।

ख.बंगुर फार्ममाबारबन्देज र जैबिक शुरक्षाको प्रबन्ध गर्ने ।

ग.भुनि, बुचा,तथा पाठापाठी खरिद तथाबितरण

घ.बंगुर फामर्मा आबस्यकऔजार उपकरण खरिद तथाबितरण

ङ.दानाखरिद तथाबितरण

च.फिड सप्लीमेन्ट बितरण र आन्तरिक तथाबाह्य परजिबि नियन्त्रणकार्यकम

छ.बंगुर फर्ममापानिको व्यवस्था र नमासिने किसिमका सरसफाई सामाग्री खरिद

**१६. डेरि प्रबद्धर्न कार्यकम**

**१.उद्देश्यहरु :**

क.दुध तथा दुग्ध पदार्थको उत्पादनमा बृद्धि गर्ने ।

ख. दुग्ध पदार्थको बजारिकरण र बिबिधिकरण गर्ने ।

ग.दुधउत्पादनमा वृदिगरि दुग्धजन्य पदार्थमा तुम्बेवा गाउँपालिकालाई आत्मनिर्भर बनाउन

घ.दुध तथा दुग्धजन्यपदाथको शुरक्षित भण्दारण गर्न ।

**२.कार्यक्रम सञ्चालन छनौटका आधारहरु :**

**क. डेरि पसलको हकमा**

-डेरि पसलको भित्तापक्का धुलो मैलो नखस्ने र पानिनतप्किने गरि बनाएको हुनुपर्ने

-बिक्री कक्षको भुइ नचिप्लिने ,पानि नजम्ने र नसोस्ने किसिमले ढलान गरिएको वा टायल /मार्वल लगाई सजिलै सफा गर्न सकिने हुनुपर्छ ।

-डेरि पसल आसपासको क्षेत्र सफा र आकर्षक हुनुका साथै फोहोर व्यवस्थापनको प्रबन्ध भएको हुनुपर्छ

-डेरि पसल माझिंगावा अवान्छित जिबजनतु पस्न नसक्ने किसिमको व्यवस्था भएको हुनुपर्छ

ख. कार्यकमप्रति कृषकहरुको झुकाब र प्रभाबकारी कार्यान्वयनको सम्भाबनाभएको हुनुपर्ने छ ।

ग.छनोट गरिने स्थानमा जग्गाको उपलब्धता,पानि ,बिजुलि ,सडक एबम अन्य पुर्बाधार बिकास भएको ।

घ.डेरि फर्म छ भने कम्तिमा ३-५ वटा दुहुना वाव्याउने गाई वा भैसि पालनगरि फर्म दर्ता गरेको ।

**३. सम्भाबित साझेधारहरु :**

डेरि व्यवसायमा आबद्ध व्यवसायी/ समुह/संघ /सस्था/पालक सञ्चालक/ किसानहरु हुनेछन ।

**४. सञ्चालन गर्न सकिने कार्यहरु :**

क.विकीकक्ष निमार्ण,टायल/मार्वल फिटिङ,सिटिङ एरेन्जमेन्ट आदि ।

ख.मिल्कक्यान ,मिल्क कन्टेनर,फ्रिजवा डिप फ्रिजखरिद ।

ग. डेरि पसलको सुधार तथा सजावट ।

घ.दुधउत्पादनकालागि कोरल्ली ,गाइतथा भैसि खरिद ।

ङ.डेरि फर्म सुधार तथा घेराबारा

**१७.हिउँदे तथाबर्षे घाँसको वीउ /बेर्ना/सेट्स वितरणः**

पशुपालनमा आवद्ध व्यवसायीक कृषक/कृषक समुहफर्म र निजि उद्धमिहरुलाई वार्षीक स्वीकृत कार्यक्रम बजेट सिमाभित्र रहि निशुल्कवितरण गाीनेछ ।

**१८.रेविजखोप**

गाउँपालिका भित्र रहेका कृषकहरुले पालेका घरपालुवा कुकुर तथा विरालोलाइ लक्षितगरि वार्षीक स्वीकृत कार्यक्रमको बजेट सिमाभित्र रहि निशुल्क रुपमा रेविज विरुद्धको खोप सञ्चालन गरिनेछ ।

**अनुसुची- १**

स्थानियतहले प्रकाशन गर्नु पर्ने सुचना

# तुम्बेवागाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय

तुम्बेवा-३,मौवापाँचथर
प्रदेश नं.-१, नेपाल

पत्र सङ्ख्या:०७८/७९
चलानी नं.:

मिती:-२०७९ / /

**प्रथम पटक सुचनाप्रकाशितमिति :- २०७९ / /**

आ.व. २०७ /०७ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार निम्न लिखित कार्यक्रमहरु तुम्वेवा गा.पा. पशु सेवा सम्बन्धि कार्यक्रम सञ्चालन कार्यविधिका सम्बन्धमा व्यवस्था गर्न बनेको नियमावली २०७९बमोजीम लागत साझेदारिमा सञ्चालनगर्न ईच्छुक कृषक /समुह /समिति /निजि संस्थाहरुले यो सुचनाप्रकाशितभएको मितिले १५ औ दिनसम्म कार्यलय समयभित्र प्रस्तावदर्ता गर्न हुन यो सुचनाप्रकाशितगरिएको छ। साथै रित नपुगीवाम्याद नाघी प्राप्त हुन आएका निवेदनहरु छनौटका लागी समावेश नहुने व्यहोरा समेत यसै सुचनाद्वारा जानकारी गराईन्छ ।थप जानकारिका लागि तुम्बेवा गाउँपालिका पशुसेवा शाखामा सम्पर्क गर्न सकिने छ ।

| क.स | कार्यक्रमको नाम | अनुमानितलागत | कैफियत |
|---|---|---|---|
| | | | |

निबेदनका साथ संलग्न कागजात

१.अनुसुचि २ बमोजिमको आवेदन

२.आबेदकको नेपालिनागरिकताको प्रमााण पत्रको प्रतिलिपि ।

३.कार्यक्रम कार्यान्वयन स्थलको जग्गाको स्वामित्व देखिने कागजातको प्रतिलिपि ।

४.लिजमालिएको जग्गाको हकमा करारनामावा सम्झौतापत्र ।

५. कृषक समुह /समिती/सहकारी /नीजी संस्थाले कार्यक्रम संचालन गर्ने निर्णय प्रतिलिपी ।

६.प्रचलित कानुन बमोजिम आधिकारिक निकायमा संस्था/फर्म/व्यवसाय दर्ता तथा नवीकरण र स्थायी लेखा नं.को प्रतिलिपि

७.अघिल्लो आथिर्क बर्षको करचुक्ता प्रमाणपत्रको प्रतिलिपि

## अनुसुची - २

मिति :-...................

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू ।
तुम्वेवा गाँउपालिकाको कार्यालय
मौवा, पाँचथर ।
बिषय :- अनुदान कार्यक्रममा सहभागि  हुन पाउँ भन्ने बारे ।

महोदय

यस पालिकाको मिति २०७९ .../.... गतेको प्रकाशित सुचना अनुसार यस फर्म /समुह /समिती/सहकारी संस्थाले ................................... कार्यक्रम सञ्चालन गर्न निम्नानुसार कागजात सहितनिवेदन गरेका छौ । कार्यक्रम संचालनको लागीप्राप्त रकमको सदुपयोग गर्ने प्रतिवद्धता व्यक्तगर्दछौ

संलग्न कागजातहरु :

१.अनुसुचि २ बमोजिमको आवेदन

२.नेपालिनागरिकताको प्रमााण पत्रको प्रतिलिपि ।

३.कार्यक्रम कार्यान्वयन स्थलको  जग्गाको स्वामित्व देखिने कागजातको प्रतिलिपि ।

४.लिजमालिएको जग्गाको हकमा करारनामावा सम्झौतापत्र ।

५. कृषक समुह /समिती/सहकारी /नीजी संस्थाले कार्यक्रम संचालन गर्ने निर्णय प्रतिलिपी ।
६.प्रचलित कानुन बमोजिम आधिकारिक निकायमा संस्था/फर्म/व्यवसायदर्ता तथा नवीकरण र स्थायी लेखा नं.को प्रतिलिपि
७.अघिल्लो आथिर्क बर्षको करचुक्ता प्रमाणपत्रको प्रतिलिपि

निवेदक
नाम :

ठेगाना :

दस्तखत :

छाप :

# अनुसुची - ३

## संक्षिप्त कार्ययोजना

१.आवेदकको नामः-

२.कार्यक्रम संचालन स्थलको ठेगाना :-

३. प्रस्तावितकार्यक्रमको नामः-

४. लक्षितवर्ग र सम्भावित रोजगारीको विवरण :-

### ५. व्यवसायको आधारभूत विवरण :-

| क.सं. | संचालित व्यवसायको नाम | व्यवसायबाट उत्पादनहुने मुख्य - मुख्य बस्तु | उत्पादनहुने वार्षिक परिणामके.जि/मे.टन. मा | वार्षिक कारोवार रकम | व्यवसायबाट सिर्जीत रोजगार विवरण |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

### ६.सञ्चालनगरिने त्रियाकलापको विवरण

| क.सं. | त्रियाकलाप | इकाई | परिणाम | दर | कुललागत रु. | प्रस्तावकको योगदानरु. | कार्यालयबााट व्यहोरिने रकम रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

**लागत साझेदारी गर्ने प्रतिबद्धता**

श्री तुम्बेवा गाउँपालिकाको कार्यालयबाट मिति ........................... गतेका दिन प्रकाशित सुचना  अनुसार तुम्बेवा गाउँपालिका वडा नं. ....... को ................ गाउँ/टोल बस्ने    श्री ........................................... ले ....................................... कार्यक्रम सञ्चालनकालागि पेश गरेको आर्थिक प्रस्ताब अनुसार कुल लगानि रु ............ को .... प्रतिशतले हुनआउने रु. ............. अक्षररुपी ................................ बराबरको लगानि आफ्नो आन्तरिक श्रोत/बैंक/वित्तिय संस्थाबाट बेहोरी कार्यक्रम सम्पन्न गर्ने प्रतिबद्धता जाहेर गर्दछु ।

# अनुसुची - ४

## स्थलगत प्रमाणीकरण मुल्यांकन फारम

१.आवेदकको नाम :-
२. कार्यक्रम संचालन स्थलको ठेगाना :-
३. प्रस्तावीतकार्यक्रमको नाम :-
४.स्थलगत प्रमाणीकरण मिति :-

- **स्थलगत प्रमाणीकरणमा संलग्न पदादीकारीहरुको बिवरण**

| क.स. | पदाधिकारीको नाम | पद | दस्तखत |
|---|---|---|---|
| १. | | | |
| २. | | | |
| ३. | | | |
| ४. | | | |
| ५. | | | |
| ६. | | | |

- **आवेदकको मुल्यांकन**

| क.सं. | मुल्यांकनका सुचकहरु | प्रमाणीकरणमा भेटिएको अवस्था र भार | प्राप्ताङ |
|---|---|---|---|
| १. | कार्यक्रमकार्यन्वयन स्थलको जग्गावाभवन ह आफ्नै स्वामित्वमा छ /छैन | १० | |
| २. | स्थानको उपयुक्तता (सामाजीकएवं वातावरणीय दृष्टीकोणले सम्भाव्याताभएको/नभएको | १० | |
| ३. | पुर्भाधार बिकास एवं बिकासका संम्भावना छ/छैन | १० | |
| ४. | आवेदक कृषक /समुह/ निजी संस्थाका सदस्यहरुले सम्बन्धीत क्षेत्रमा आवद्ध भएको /नभएको | १० | |
| ५. | बजार तथाबजारीकरणको सहजता छ/छैन | १० | |
| ६. | व्यवसायदर्ता नबिकरण करचुक्ताआदिभएको/नभएको | १० | |
| ७. | पेश गरेको सक्षिंप्तकार्ययोजना र कार्ययोजनामा प्रस्ताव गरेको सहकार्य बिवरण भएको /नभएको | १० | |
| ८. | जैबिक सुरक्षातथावातावरणीय अवस्थाभएको/नभएको | १० | |

| | | | |
|---|---|---|---|
| ९. | बिपन्न कृषक /समुह /समिती/ सहकारी /निजी संस्थामा रहेका एकलमहिला , दलित , जनजातीतथासिमान्तकृत कृषकहरु , बिदेशबाट फर्किएकायुवाहरु , कोभिड प्रभाबितभएको/नभएको | १० | |
| १०. | संस्थागतव्यवसायीक कृयासीलता सन्तोषजनक छ/छैन | १० | |

- **स्थलगत प्रमाणीकरणमा भेटिएका अन्यथपबिवरण**

**पशु संख्या /अन्य सामाग्री**

-

-

-

-

- **स्थलगत प्रमाणिकरण टोलिको राय**

| त्र.सं. | स्थलगत प्रमाणीकरण गर्ने पदाधिकारीको नाम | पद | हुन्छ / हुदैन | दस्तखत |
|---|---|---|---|---|
| १. | | | | |
| २. | | | | |
| ३. | | | | |
| ४. | | | | |
| ५. | | | | |
| ६. | | | | |
| ७. | | | | |
| ८. | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

## अनुसुची - ५

## द्धिपक्षीय सम्झौता

तुम्वेवा गाँउपलिकाको आ.व. ०७९/०८० को स्वीकृत बार्षिक कार्यक्रम अनुसार ......................कार्यक्रम संचालन गर्न श्री तुम्वेवा गाँउ कार्यपालिकाको कार्यालय मौवा,पाँचथर (यसपछी प्रथम पक्ष भनिने ) र श्री ..................................................(यस पछि दोस्रो पक्ष भनिने ) बीच तपशिल बमोजीमका शर्तहरु परिपालन गर्ने गरी द्धपक्षीय सम्झौता गरी दियौ / लियौ ।

तपसिल

१.प्रथम पक्षले ....................................कार्यक्रमको लागी बिनियोजीत रकम रु .................... दास्रो पक्षलाई कार्यक्रम सम्पन्न भए पस्चात उपलब्ध गराउने छ ।

२. दोस्रो पक्षले पाँचथर जिल्ला तुम्वेवा गा.पा........ वडा नं. वडाको ....................स्थानमा सम्झौता मितिको ३० दिन भित्र निम्न कार्यक्रम सम्पन्न गर्नु पर्ने छ

| क.स | कियाकलापको बिवरण | प्रस्ताबको योगदान रु. | कार्यालयको योगदान रु. | कैफियत |
|---|---|---|---|---|
| १. | | | | |
| २. | | | | |
| | | | | |
| | | | | |
| | | | | |

३. दोस्रो पक्षले प्रथम पक्ष समक्ष पेश गरेको स्वीकृत संक्षिप्त कार्ययोजना बमोजीमका सम्पुर्ण कार्यहरु प्रबिधीक मापदण्ड /नर्मसको अधिनमा रहि सम्पन्न गर्ने छ ।

४. कार्यक्रम संचालनका लागी आवश्यक निमार्ण सम्बन्धी डिजायन, ईष्टिमेट , सुपरभिजन , बिलभर्पाइ र कार्य सम्पन्न प्रतिवेदनका लगायतका कार्यहरु तथा निमार्ण खरिद ढुवानी सञ्चालन र जग्गाको व्यवस्थाआदी दोस्रो पक्षले गर्नेछ ।

५. दोस्रो पक्षले नियमअनुसारको बिलभर्पाई कार्य सम्पन्न प्रतिवेदन र आवश्यक अन्य कागजात सहित भुक्तानीको लागी प्रथम पक्ष समक्ष पेश गरे पश्चात स्थलगत प्रबिधीक प्रतिवेदनको आधार मामनासीव ठहरे दोस्रो पक्षको बैक खातामाभुक्तानीदिनेछ ।

६. मान्यता प्राप्त प्राविधीकले तयार गरेको कार्य सम्पन्न प्रतिवेदन र स्थलगत प्रबिधिक प्रतिवेदनको आधारमा मनासीब ठहरे दुई बराबर किस्तावा सम्पुर्ण कार्य सम्पन्न भएमा एकै किस्तमा समेत सम्झौता बमोजीमको रकमभुक्तानी बैक खातामार्फत गर्नेछ । कार्यक्रम सम्बन्धीप्रविधीक सेवा टेवा समन्वय र सहजीकरण प्रथमपक्षले गर्नु पर्नेछ ।

७.प्रथम पक्षले कुनै पनिबखत संचालितकार्यको अनुगमन /निरीक्षण गरी सम्भौतामुताबीककार्य भए /नभएको हेर्न वाआवश्यक सल्लाह सुभाबदिन सक्नेछ।

८.कार्यक्रम संचालनका दौरान

वा सम्पन्न भए पस्चातको सञ्चालन , मर्मत सम्भार , व्यवस्थापन, जोखिम र दिगोपनाका लागी गरिने कार्यहरु तथा अप्रत्यासित रुपमाश्रृजित सबै प्रकारका दायित्व र जिम्मेवारी दोस्रो पक्षको हुनेछ।

९. दोस्रो पक्षले त्रैमासीक रुपमा कार्यक्रमको प्रगती उपलब्धीएवं कारोबार सम्बन्धी विवरणहरु स्थानियतहको पशु सेवा शाखामा अनिवार्य रुपमा उपलब्ध गराउनु पर्ने छ।

११ कार्यक्रम संचालनको क्रममा कुनै बिवाद आएमा दुबै पक्षको आपसी समभ्र दारीमा समाधान गरिने छ।

| दोस्रो पक्षको तर्फबाट | प्रथमपक्षको तर्फबाट |
|---|---|
| हस्ताक्षर :- | हस्ताक्षर :- |
| नाम :- | नाम :- |
| पद :- | पद :- |
| संस्थाको नाम :- | कार्यालय :- |
| संस्थाको छाप :- | कार्यालयको छाप :- |

रोहबर

| | |
|---|---|
| हस्ताक्षर :- | हस्ताक्षर :- |
| नाम :- | नाम :- |
| पद :- | पद :- |
| कार्यालयको छाप :- | कार्यालयको छाप :- |

ईति सम्वत २०७.. साल ..........महिना .......गते रोज ..........शुभम्।

**नोट : द्धिपक्षीय सम्भौतामा आवश्यकता मुताबिकका अन्य सान्दर्भिक बुँदाहरु संशोधन गर्न सकिने छ।**